प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, विराटनगर

पत्र संख्या :-०७६/०७७ मिति :-२०७७/०३/२१
च.नं. :- 680

विषय: आर्थिक वर्ष २०७७/७८ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
स्थानीय तह सबै
प्रदेश नं. १ ।

आर्थिक वर्ष २०७७/७८ को विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि संवैधानिक व्यवस्था अनुरुप २०७७ असार १ गते प्रदेश सभामा विनियोजन विधेयक पेश भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त विधेयक र प्रचलित कानूनमा व्यवस्था भए अनुरुप अनुदान दाखिला, योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन मिति २०७७/०३/२१ को मा. मन्त्रिस्तरको निर्णयानुसार यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु ।प्रदेश विनियोजन विधेयकका प्रावधानहरु, प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५ र प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५मा भएका व्यवस्था सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु । साथै, समपूरक अनुदानका आयोजना/कार्यक्रमहरु, विषयगत मन्त्रालयबाट सशर्त अनुदानतर्फका कार्यक्रम/आयोजनाहरु प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)मा प्रविष्ट गरिएको विवरण इमेल मार्फत पठाइएको छ । आ.व.२०७७/७८ को कार्यक्रम र परियोजनागत बजेट विनियोजन विवरण यस मन्त्रालयको वेभसाइटमा समेत राखिने हुँदा सोहीबाट अवगत गर्नुहुन समेत अनुरोध गरेको छु ।

## अन्तर सरकारी वित्तीय हस्तान्तरण

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा दाखिल गर्नेछ ।

२. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजश्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम प्रदेश सरकारको राजस्व एवम् अनुदान प्राप्तिको अनुपात अनुसार पुनःनिर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिल गर्नेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक २५ गते, माघ २५ गते, बैशाख २५ गते र वार्षिक आर्थिक विवरण अगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा बुँदा नं. २ बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ ।

उपसचिव

४. बुँदा नं.३ बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिल गरिने छैन ।

५. सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते दाखिल गर्नेछ ।

६. सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।

७. बुँदा नं. ६ बमोजिम पेश भएको कार्ययोजना अनुसार खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको पहिलो हप्ता, बैशाख महिनाको पहिलो हप्ता र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।

८. बुँदा नं. ७ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ५ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको पहिलो किस्ता बाहेक बाँकी रकम चौमासिक रुपमा पुष २५ गते र बैशाख २५ गते सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ ।

९. बुँदा नं. ७ बमोजिमको खर्चको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन ।

१०. प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ ।समपूरक अनुदान सम्बन्धमा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५को आधारमा हस्तान्तरण हुने कार्यक्रम/आयोजना र अनुदान रकम उपलब्ध गराईसकिएकोले सोही कार्यविधि बमोजिम गर्नुपर्नेछ ।

११. **समपूरक अनुदान** रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको **भदौ २५** गते दाखिल गर्नेछ ।

१२. समपूरक अनुदान वापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्नेछ ।

१३. समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको पहिलो हप्ता, बैशाख महिनाको पहिलो हप्ता र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

१४. बुँदा नं. १३ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं.११ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको समपूरक अनुदानको पहिलो किस्ता बाहेक बाँकी रकम चौमासिक रुपमा पुष २५ गते र बैशाख २५ गते सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ ।

उपसचिव

१५. बुँदा नं. १३ बमोजिमको खर्चको विवरण प्राप्त नभएसम्म समपूरक अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन ।

१६. सशर्त, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत आगामी आर्थिक वर्षको आश्विन दोस्रो हप्ता भित्र प्रदेश संचित कोषमा दाखिल गर्नु पर्नेछ ।

१७. बँदा नं.१६ बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ ।

१८. प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान मार्फत स्थानीय तहमा संचालन हुने आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछी बचत हुने रकमको पुनः ठेक्का लगाउन पाउने छैन । यसरी बचत हुने रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१९. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोष मार्फत प्रचलित कानून अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नेछ ।

२०. वित्तीय हस्तान्तरणलाई नतिजामूलक बनाई राष्ट्रिय एवम् प्रादेशिक विकासका लक्ष्य हासिल हुने गरी विनियोजन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२१. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

## योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था

२२. प्रदेश सरकारको विषयगत मन्त्रालयमा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुदानको रूपमा वित्त हस्तान्तरण गर्न सकिने छ ।

२३. स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेश निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको बिबिध खातामा जम्मा हुने गरी निकासा दिन सकिनेछ ।

२४. बुँदा नं.२२, र २३ बमोजिम निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

उपसचिव

**लेखाङ्कन, प्रतिवेदन र लेखापरिक्षण:**

२५. एक तहको वजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

२६. बुँदा नं. २६ बमोजिमका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

**वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:**

२७. आफूले उठाएको राजस्व र प्राप्त गरेको अनुदान रकम कानून वनाई खर्च गर्नु पर्नेछ ।

२८. कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार एवम् प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नुपर्नेछ ।

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ ।

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(घ) पूँजीगत खर्चको रूपमा बिनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाईने छैन ।

(ङ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्नु पर्नेछ ।

आर्थिक वर्ष २०७७/७८ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको website: www.moeap.p1.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

०७७/०३/२१

गजेन्द्र प्रसाद यादव

उप-सचिव

**बोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।

श्री प्रदेश योजना आयोग, प्रदेश नं.१, विराटनगर ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१ विराटनगर ।